# स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको विश्लेषण

अरुण बाँस्तोला
सहायक प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल
email: bastolaarun2020@gmail.com

## लेखसार

*स्नातक तहका लागि हाल पठनपाठनमा ल्याइएको अनिवार्य नेपाली विषयको पाठ्यांशका सवल र सुधारयोग्य पक्ष बाहिर ल्याई सरोकारवाला वर्गलाई आवश्यक सुझाव दिने हेतु तयार पारिएको यस अध्ययनले पाठ्यांश विश्लेषण गर्ने प्रमुख आधार वा विधिका रूपमा पाठ्यक्रम अध्ययन तथा विश्लेषणलाई लिइएको छ । जसमा पाठ्यांशको शीर्षक सार्थक र सान्दर्भिक देखिनु, पाठ्यांश परिचय सरल भाषामा सटिक, सुस्पष्ट र परिचयात्मक रहनु, भाषाका चार ओटै सिपलाई सन्तुलित ढङ्गबाट लैजानु पर्नेमा सुनाइ सिपको विकासमा पाठ्यक्रमका विशिष्ट उद्देश्य प्रायः मौन देखिनु, कक्षा ११ र १२ मा राखिएको नयाँ साहित्यिक विधा रिपोर्ताजमूलक रचनालाई यस पाठ्यांशमा स्तरण नगरिनु, पाठ्यवस्तुको समग्र वितरण सार्थक नै पाइनु, शिक्षकको निर्देशनमा ३० पूर्णाङ्कको स्वअध्ययन कार्यमार्फत शिक्षण गराइने भनिए तापनि स्वअध्ययनको स्पष्ट किटान नहुनु, पाठ्यांशमा ३० पूर्णाङ्कको प्रयोगात्मक र ७० पूर्णाङ्कको वाह्य परीक्षाको सुरुवात गरेर मूल्याङ्कन प्रणालीलाई थप समयसापेक्ष बनाइनु तथा पाठ्यक्रमले प्रस्ताव गरेका पाठ्यसामग्री अपुग देखिनु र केही कमीकमजोरीलाई सुधार गर्दै प्रविधिमैत्री भर्चुअल लर्निङ्सँग जोडिई इन्टरनेट सञ्जालमा उपलब्ध गुणस्तरीय सामग्री छनोट गरी पाठ्यक्रमका उद्देश्य, मूलभूत आवश्यकता, समसामयिक मागका आधारमा पाठ्यांशलाई अझ बढी रुचिपूर्ण, प्रभावकारी, सान्दर्भिक एवम् व्यावहारिक बनाउन सकिने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : उद्देश्य, पाठ्यांश, भाषापाठ्यक्रम, भर्चुअल लर्निङ, मूल्याङ्कन, स्तरण

## परिचय

पाठ्यक्रम शिक्षा प्राप्तिको प्रारूप हो । यसमा सिकारुका रुचि, उमेर एवम् स्तरअनुरूप समयको माग तथा आवश्यकतासमेतलाई आत्मसात गरी समयसापेक्ष शिक्षाको योजनादेखि कार्यान्वयनसम्मको वास्तविक एवम् योजनबद्ध तस्विर खिचिएको हुन्छ । पाठ्यक्रम भनेको एउटा व्यवस्थित शैक्षणिक योजना पनि हो, अतः यसमा उद्देश्य, विषयवस्तु, शिक्षण कार्यकलाप वा प्रक्रिया, मूल्याङ्कन प्रक्रिया तथा शिक्षण सामग्री र पूरक सामग्रीको सुस्पष्ट र व्यवस्थित निर्देशन गरिएको हुन्छ (पौडेल, २०६७, पृ. १) । त्यसैगरी मानवीय जीवनसँग सरोकार राख्ने सम्पूर्ण सिकाइ अनुभव तथा क्रियाकलापहरूको सङ्गठित एवम् योजनाबद्ध रुप नै पाठयक्रम हो (ज.ब.रा., २०७६, पृ. ४) । यसलाई शब्दकोशीय दस्तावेजमा नियाल्दा

पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वापरक्रम नै पाठ्यक्रम हो (नेपाली बृहत् शब्दकोश, २०४०, पृ. ८१०) । अतः शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको जीवन्त एवम् व्यवस्थित योजनालाई पाठ्यक्रम भनिन्छ । भाषापाठ्यक्रम भने थोरै भिन्न र विशिष्ट प्रकृतिको पाठ्यक्रम हो । यसले सरोकारवालालाई भाषिक सम्प्रेषणात्मकता र प्रयोगावस्थाको निकट पुऱ्याउन मद्दत गर्दछ । उक्त कुरा बुझ्न भाषाको प्रकृति नियाल्न जरुरी देखिन्छ ।

भाषा मानवीय उच्चारण अवयवद्वारा निःसृत वाकप्रतीकहरूको त्यस्तो यादृच्छिक व्यवस्था हो जसको प्रयोग कुनै पनि समाजमा सदस्यले विचार विनिमय, अनुभूति सम्प्रेषण र सामाजिक सम्बन्ध स्थापित गर्नका निम्ति आफ्नै भाषिक समुदायका वक्ताका बिचमा गर्दछ (पोखरेल, २०७४, पृ. ३) अर्थात् भाषालाई मानवीय विचार सम्प्रेषणको मुख्य आधार मान्न सकिन्छ । भाषा सिपमूलक विषय पनि हो । भाषिक सिप मूलतः दुईवटा छन् : ग्रहण र अभिव्यक्ति । ग्रहण भनेको आदानात्मक र अभिव्यक्ति प्रदानात्मक सिप हो । ग्रहण सिपभित्र श्रुति र पठन सिप पर्दछन् भने अभिव्यक्ति सिपभित्र वाक् र लेखन सिप पर्दछन् । यस्ता भाषिक सिपहरू प्रशस्त अभ्यासका माध्यमले परिष्कृत हुँदै जाने भएकाले भाषालाई कलाका रूपमा पनि लिइन्छ (शर्मा र पौडेल, २०७३, पृ. २) । अतः कला वा सिपका रुपमा रहेको भाषालाई विश्वभरका विद्यालय तथा विश्वविद्यालयतहका पाठ्यक्रमहरूले अनिवार्य एवम् आधारभूत आवश्यकताका रूपमा लिई पाठ्यक्रम नै निर्माण गर्ने गरेको पाइन्छ, यसरी निर्मित पाठ्यक्रम भाषा पाठ्यक्रम हुन् अर्थात् भाषा शिक्षणसम्बन्धी व्यवस्थित एवम् नियोजित कार्यक्रमलाई नै भाषा पाठ्यक्रम भनिन्छ (पौडेल, २०६७, पृ. ५) ।

अन्य विषयका पाठ्यक्रमले विषयवस्तुको ज्ञानलाई प्राप्त गर्ने ध्येय राखेको हुन्छ भने भाषा पाठ्यक्रमले भाषिक सिप हासिल गर्ने कुरालाई विशेष महत्व दिन्छ (ढकाल, २०६५, पृ. ५) । भाषिक प्रयोजनका आधारमा भाषा पाठ्यक्रमलाई सामान्य र विशिष्ट गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ (ढकाल, २०६५, पृ. ३०) । मातृभाषी एवम् विमातृभाषी सिकारुका भाषिक क्षमतालाई खास तह र स्तरअनुकूल बनाउने उद्देश्य सन्निहित पाठ्यक्रम सामान्य पाठ्यक्रम हो भने खास किसिमको विशिष्टता हासिल गराउने हेतु भएको पाठ्यक्रमलाई विशेष पाठ्यक्रम भनिन्छ । अर्थात अनिवार्य वा साधारण भाषा विषयक पाठ्यक्रम सामान्य भाषिक पाठ्यक्रम हुन भने ऐच्छिक वा मुख्य भाषा विषयक पाठ्यक्रम विशिष्ट पाठ्यक्रम हुन् ।

प्रस्तुत सन्दर्भमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत चारबर्षे स्नातक तहका विभिन्न सङ्कायमा अनिवार्य नेपाली विषयको नयाँ पाठ्यक्रम २०७६ सालबाट कार्यान्वयनमा आएको छ । यो पाठ्यक्रम सामान्य वा अनिवार्य प्रयोजनको पाठ्यक्रम हो । स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्न, भाषाका लेख्य र कथ्यको स्वरुप, शब्द भण्डार, वाक्यतत्वपरक रचना, सङ्कथन संरचना, नेपाली वाङ्मयका विभिन्न क्षेत्रका गद्यांशको पठन बोध, व्यावहारिक लेखन, निबन्धात्मक अभिव्यक्तिका साथै केही निर्धारित साहित्यिक कृतिहरूको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गर्ने हेतुले स्नातक तहमा अनिवार्य नेपाली भाषापाठ्यक्रमको आवश्यकता महसुस गरी उक्त पाठ्यक्रम कार्यान्वयनमा आएको देखिन्छ । अत : यस पाठ्यक्रम अन्तर्गत पाठ्यांशको तुलनात्मक, विवरणात्मक एवम् खोजमूलक विश्लेषणमा नै यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

## अध्ययनको उद्देश्य

यो अध्ययन मूलतः निम्न उद्देश्यहरूको प्राप्तिमा केन्द्रित रहेको छः

(क) भाषा पाठ्यक्रमका तत्त्वका आधारमा स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको विश्लेषण गर्न,

(ख) स्नातक तहको अनिवार्य नेपालीको पुरानो पाठ्यांशसँग वर्तमान पाठ्यांशका पाठ्यवस्तुको समीक्षा गर्न,

(ग) कक्षा ११ र १२ को अनिवार्य नेपाली पाठ्यांशसँग स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको तुलना गर्न ।

## अध्ययनको औचित्य

यसभन्दा अघि स्नातक तह अनिवार्य नेपाली विषयको पुरानो पाठ्यांश विश्लेषणका सन्दर्भमा केही सङ्ख्यामा मात्र अनुसन्धान कार्य सम्पन्न भएको देखिन्छ । यसै सन्दर्भमा शर्मा (२०६९) द्वारा गरिएको स्नातक प्रथम वर्ष अनिवार्य नेपाली विषयको पाठ्यांश विश्लेषणमा उक्त पाठ्यांशले विद्यार्थीको बोध अभिव्यक्ति क्षमतामा जोड दिएको, पाठ्यांश व्यावहारिक तथा सम्प्रेषणात्मक प्रकृतिको रहेको, पाठ्यांशले विद्यार्थी केन्द्रित सिकाइलाई जोड दिएको, भाषिक सिपमा आधारित भएर पनि लेखन सिपमा बढी केन्द्रित भएको, विद्यार्थीहरूको भाषिक व्यावहारिक पक्षलाई सबल बनाउन खोजिएको तथा कक्षा एघारको अनिवार्य नेपाली विषयसँग स्तरण मिलाउन खोजिए पनि शिक्षण प्रक्रियाका सम्बन्धमा पाठ्यांश स्पष्ट हुन नसकेको एवम् आन्तरिक मूल्याङ्कनलाई पाठ्यांशले महत्त्व नदिएको जस्ता निष्कर्ष निकालिएको छ । यो अध्ययन मूलतः पुरानो वा साविक पाठ्यांश विश्लेषणमा केन्द्रित रहेको देखिन्छ । नयाँ पाठयक्रम आएपश्चात् सोका सम्बन्धमा गहन, ठोस र वस्तुपरक अध्ययन प्रायः नभएको र अनुसन्धान अन्तराल देखिएकाले यो अध्ययनद्वारा त्यसको परिपूर्ति गरिनु आफैँमा औचित्यपूर्ण रहने देखिन्छ । हाल कार्यान्वयनमा रहेको स्नातक दोस्रो वर्ष अनिवार्य नेपाली विषयको पाठ्यक्रमका उद्देश्य, पाठयांश शीर्षक र शिक्षण विधि तथा मूल्याङ्कन पद्धति आदि आधारमा उक्त अध्ययनीय पाठ्यांशको सान्दर्भिकता अध्ययन एवम् तिनको क्षेत्र, क्रम र विस्तृतीकरणको तथ्यपरक विश्लेषण गरी पाठ्यक्रमका राम्रा र सुधारयोग्य पक्ष बाहिर ल्याउने कार्यमा यस अध्ययनले महत्त्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ साथै यसअघि गरिएका अध्ययनभन्दा थप नयाँ तथ्य बाहिर आउने देखिएकाले सरोकारवाला जोकोहीका लागि यो अध्ययन उपयोगी बन्न सक्ने देखिन्छ । अध्ययनशील र जिज्ञासु विद्यार्थी, शिक्षक, प्राध्यापक, शिक्षाविद्, मनोविद् एवम् अभिभावकलगायत सरोकारवाला सबैको चासोलाई सम्बोधन गर्दै पाठ्यक्रमका खास उद्देश्य, पाठयांश शीर्षक र तिनको परिचय, शिक्षण विधि एवम् मूल्याङ्कन पद्धतिआदि आधारमा पुरानो पाठ्यांशसँगको तुलना, कक्षा ११ र १२ सँगको स्तरण एवम् उक्त पाठ्यांशको सान्दर्भिकता अध्ययन तथा तिनको क्षेत्र, क्रम र विस्तृतीकरणको तथ्यपरक विश्लेषण गरी सुझावसहित पाठ्यक्रमका राम्रा र सुधारयोग्य पक्ष बाहिर ल्याउने प्रयोजनार्थ प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । अतः समग्रमा प्रस्तुत अध्ययन औचित्यपूर्ण मान्न सकिन्छ ।

## अध्ययनको सीमाङ्कन

त्रिभुवन विश्वविद्यालय स्नातक तहका विभिन्न सङ्कायमा नयाँ समायोजित चारवर्षे पाठ्यक्रमअन्तर्गत आएको अनिवार्य नेपाली पाठ्यांश र सोको भाषापाठ्यक्रमका तत्त्वका आधारमा

विश्लेषण, स्नातक तहको अनिवार्य नेपालीको पुरानो पाठ्यांशसँग वर्तमान पाठ्यांशका पाठ्यवस्तुको समीक्षा एवम् कक्षा ११ तथा १२ को अनिवार्य नेपाली पाठ्यांशसँग स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको तुलनात्मक विश्लेषणमा यस अध्ययनलाई सीमित पारिएको छ ।

## अध्ययन विधि/प्रक्रिया

यस अध्ययनमा सर्वप्रथम शीर्षकसँग सम्बद्ध सामग्रीको छनोट गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानसँग सम्बन्धित भएकोले पाठ्यांश विश्लेषण गर्ने प्रमुख आधार पाठ्यक्रमका तत्वका आधारमा स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको विश्लेषण, स्नातक तहको अनिवार्य नेपालीको पुरानो पाठ्यांशसँग वर्तमान पाठ्यांशका पाठ्यवस्तुको समीक्षा र कक्षा ११ तथा १२ को अनिवार्य नेपाली पाठ्यांशसँग स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको तुलनात्मक विश्लेषण आदिलाई लिइएको छ, जसका लागि हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत कार्यान्वयनरत चारवर्षे स्नातक तहको अनिवार्य नेपाली पाठ्यांश (२०७६), साविकको स्नातक तहको अनिवार्य नेपालीको पाठ्यांश (२०६९) र कक्षा ११ तथा १२ को नेपाली विषयको पाठ्यक्रम (२०७२) लाई प्राथमिक स्रोतका रूपमा राखिएको छ । त्यस्तै विविध सन्दर्भपुस्तक, शोधग्रन्थ, शब्दकोशसमेतबाट द्वितीय वा सहायक स्रोतका रूपमा विभिन्न लेख, रचना, सामग्रीलगायत आधिकारिक सामग्रीको सङ्कलन गरी अध्ययनकार्यलाई सुव्यवस्थित तथा वस्तुनिष्ठ पारिएको छ । पुस्तकालयीय विधिमा आधारित प्रस्तुत अध्ययनमा मूलत : तुलनात्मक, विवरणात्मक एवम् विश्लेषणात्मक पद्धतिबाट अध्ययनलाई पूर्णता दिइएको छ ।

## सैद्धान्तिक आधार

प्रत्येक विषयवस्तु आआफ्नै विशिष्ट संरचनामा आबद्ध भएका हुन्छन् । यसैगरी पाठ्यक्रमको पनि विषयानुसार आफ्नै ढाँचा रहेको हुन्छ । यो एक व्यवस्थित योजना भएकाले मुख्य स्तम्भसहित अन्य आधारभूत अङ्गका साथ यसको निर्माण भएको हुन्छ । हरेक पाठ्यक्रम शिक्षणीय विषयवस्तुका आधारमा भिन्नभिन्न प्रकृतिका हुन्छन् । भाषापाठ्यक्रम भने अन्य विषयका पाठ्यक्रमभन्दा भिन्न हुने गर्दछ । अतः खास तह वा कक्षाका लागि निर्माण गरिएका भाषापाठ्यक्रम के कस्ता छन् र विद्यार्थीको तह, उमेर र स्तरअनुरूप छन् कि छैनन् भनी अध्ययन गर्ने मूल आधार नै भाषापाठ्यक्रमको ढाँचा हो । यही ढाँचाभित्र समावेश भएका स्तम्भ र तिनको व्यवस्थित विस्तृतिलाई नै भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रममा समावेश भएका ती सम्पूर्ण स्तम्भहरूले ढाँचाको अभिव्यक्ति गर्छन् । भाषापाठ्यक्रमको ढाँचाभित्र आबद्ध स्तम्भहरू र तिनको प्रस्तुतिक्रमलाई देहायबमोजिम राखेर चर्चा गर्न सकिन्छः (क) पाठ्यांश शीर्षक, (ख) पाठ्यांश परिचय, (ग) पाठ्यांशका उद्देश्यहरू, (घ) पाठ्यवस्तु र त्यसको वितरण, (ङ) शिक्षण प्रक्रिया, (च) मूल्याङ्कन प्रक्रिया, (छ) पाठ्यपुस्तक, र (ज) सन्दर्भ पुस्तक/सन्दर्भ सामग्री (पौडेल, २०७३, पृ. ५५) । अतः पाठ्यक्रम विश्लेषणको यसै सैद्धान्तिक पर्याधार वा अवधारणालाई आधार बनाई स्नातक तहको अनिवार्य नेपालीको पुरानो पाठ्यांशसँग वर्तमान पाठ्यांशका पाठ्यवस्तुको समीक्षा, कक्षा ११ र १२को अनिवार्य नेपाली पाठ्यांशसँग स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको तुलना आदि कार्यलाई वर्णनात्मक, तुलनात्मक तथा विश्लेषणात्मक सिद्धान्त एवम् पद्धतिको अवलम्बन गरी यस अध्ययनलाई पूर्णता दिइएको छ ।

## पाठ्यांश विश्लेषणको ढाँचा

यस अध्ययनको विश्लेषणात्मक ढाँचाका रूपमा (क) पाठ्यक्रमका तत्वका आधारमा स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको विश्लेषण, (ख) स्नातक तहको अनिवार्य नेपालीको पुरानो पाठ्यांशसँग वर्तमान पाठ्यांशका पाठ्यवस्तुको समीक्षा र (ग) कक्षा ११ तथा १२ को अनिवार्य नेपाली पाठ्यांशसँग स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको तुलनात्मक विश्लेषण आदि स्तम्भलाई लिइएको छ ।

## पाठ्यांशको व्याख्या विश्लेषण

सम्बन्धित तह वा कक्षाका निमित्त निर्माण भएका भाषापाठ्यक्रमको अवस्था, विद्यार्थीको तह, उमेर र स्तर अनुरूपता, उद्देश्यहरूको पूर्णता, पाठ्यवस्तुको छनोट र वितरणको अवस्था, शिक्षण प्रक्रिया एवम् मूल्याङ्कनका आधार आदि विषयमा लेखाजोखा गर्ने काम पाठ्यांश विश्लेषणमा गरिन्छ । यसै सन्दर्भमा स्नातक दोस्रो वर्ष अनिवार्य नेपाली विषयको वर्तमान भाषा पाठ्यांशलाई देहायबमोजिम उपशीर्षकीकरण गरेर तथ्यपूर्ण विश्लेषण गरिएको छः

### भाषापाठ्यक्रमका तत्वका आधारमा स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको विश्लेषण

#### *पाठ्यांश शीर्षक*

पाठ्यांश वा पाठ्यक्रमको शीर्षक पाठ्यक्रमको सबैभन्दा अग्र भागमा रहन्छ अथवा पाठ्यांश वा पाठ्यक्रमको शीर्षक नै भाषापाठ्यक्रमको शीर्ष सूचना हो । यो पदावलीगत रुपमा रहेको हुन्छ तर आफैमा पूर्ण, स्पष्ट, सटिक र सूचनामूलक हुन्छ । शीर्षकबाटै पाठ्यांश वा पाठ्यक्रमको नाम, तह, कक्षा, प्रकार वा प्रकृति आदिको सामान्य सूचना प्राप्त हुन्छ (पौडेल, २०६७, पृ. ८४) । यस आधारमा स्नातक दोस्रो वर्षको अनिवार्य नेपाली पाठ्यक्रमको पाठ्यांश शीर्षक अनिवार्य नेपाली (कोड नं.४०२), तह स्नातक चार बर्से, वर्ष दोस्रो, पूर्णाङ्क सैद्धान्तिक ७० र प्रयोगात्मक ३० गरी जम्मा १००, उत्तीर्णाङ्क ३५, प्रतिहप्ता पाठ घण्टी ६ र जम्मा पाठघण्टी १५० को स्पष्ट व्यवस्था गरिएको देखिन्छ । मूल्याङ्नका लागि छुट्याइएको पूर्णाङ्कको विभाजन यस अघिको पुरानो पाठयक्रमअर्न्तगत पाठ्यांश शीर्षकमा नदेखिएको तर यहाँ सैद्धान्तिक ७० र प्रयोगात्मक ३० गरेर स्पष्टसँग पूर्णाङ्कलाई विभाजित गरिएको देखिन्छ । पुरानो पाठ्यक्रमको विषयकोड ३०१ रहेकोमा हालको विषयकोडसमेत परिवर्तन भई अनिवार्य नेपाली ४०२ बनाइएको देखिन्छ । समग्रमा अनिवार्य नेपाली विषयको यस पाठयांश शीर्षक अन्तर्गतका सन्दर्भहरू स्तर सुहाँउदो र प्रयोगात्मक पक्षसमेत थपिएर आएकाले पाठ्यांश शीर्षक सूचनीय र सान्दर्भिक नै मान्न सकिन्छ ।

#### *पाठ्यांश परिचय*

कुनै पनि भाषाको पाठ्यक्रम कुन तह वा स्तर पार गरेका कुन तह वा स्तरमा अध्ययनरत विद्यार्थीका निम्ति के कस्ता प्रयोजनका लागि तयार पारिएको हो भन्ने कुरा पाठ्यांश परिचयभित्र उल्लेख गरिन्छ (ढुङ्गेल र अन्य, २०६२, पृ. ६२) । यस आधारमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत विभिन्न

सङ्कायका स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्नका निमित्त २०७६ सालमा तयार पारिएको यस पाठ्यांशमा नेपाली भाषाको कथ्य र लेख्य स्वरूप, शब्द भण्डार, वाक्य तत्वपरक रचना, सङ्कथन संरचना, नेपाली वाङ्मयका विभिन्न क्षेत्रका गद्यांशको पठनबोध, व्यावहारिक लेखन तथा निबन्धात्मक अभिव्यक्तिका साथै निर्धारित साहित्यिक कृतिहरूको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गर्ने पाठ्य सामग्रीहरू समावेश गरिएका छन् । यस आधारमा भाषाका चार ओटै सिपको समानान्तर क्षमतामा सुधारमा जोड दिन खोजेको, ध्वनि, वर्णसँगै संकथनसम्मको प्रयोगमा लैजान खोजेको देखिन्छ । साथै गद्य तथा पद्य साहित्यिक आस्वादन, निबन्धात्मक अभिव्यक्ति र मूलभूत रुपमा व्यावहारिक लेखन कौशल तथा अभिव्यक्ति क्षमताको विकाससमेतले पाठ्यांश समग्रमा सन्तोषजनक नै मान्न सकिन्छ ।

### *पाठ्यांशका उद्देश्यहरू*

पाठ्यक्रमको गुणात्मकतालाई जनाउने मुख्य स्तम्भ उद्देश्य हो । उद्देश्यलाई पाठ्यक्रमको अपेक्षा मानिन्छ (ढकाल, २०६४, पृ. ८४) । उद्देश्यकै आधारमा सम्पूर्ण पाठ्यक्रमले पूर्णता प्राप्त गर्दछ । उद्देश्यले तल्लो र उपल्लो तह वा कक्षाका अपेक्षासँग पनि अन्तरसम्बन्ध गाँस्न सक्नुपर्छ (पौडेल, २०६७, पृ. ८६) । उद्देश्यहरू साधारण र विशिष्ट गरेर दुई वर्गमा विभक्त हुन्छन् । निश्चित समयमा पुरा हुने उद्देश्यलाई साधारण उद्देश्य र साधारण उद्देश्य पुरा गराउन सहमति गर्ने छोटा तर चरणबद्ध रुपमा पुरा हुने उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ (पौडेल, २०७३, पृ. ५६) । भाषा पाठ्यक्रममा विशिष्ट उद्देश्यहरू भाषिक सिपगत उद्देश्य भएकाले तिनीहरू निक्कै महत्त्वपूर्ण रहन्छन् । साथै विशिष्ट उद्देश्यहरू सरल, स्पष्ट, व्यावहारिक, मापनीय, वस्तुगत, वैध, समयमै पुरा गर्न सकिने र सिकाइ तथा मूल्याङ्कनमैत्री हुन आवश्यक मानिन्छन् । वर्तमान स्नातक अनिवार्य नेपाली विषयको पाठ्यांशमा साधारण र विशिष्ट उद्देश्यलाई छुट्टा छुट्टै स्पष्ट रूपमा राखिएको छ ।

**पाठ्यांशका साधारण उद्देश्यहरू:** प्रस्तुत पाठ्यक्रममा जम्मा ११ ओटा साधारण उद्देश्यहरू राखिएको छ । पाठ्यक्रममा कथ्य र लेख्य नेपालीको भिन्नता पहिल्याई मानक रूपको प्रयोग गर्न, नेपाली वाङ्मयका विविध क्षेत्रमा प्रयुक्त शब्दहरूको स्रोत, वर्ग, बनोट र अर्थ बोध गरी सन्दर्भपूर्ण वाक्यमा प्रयोग गर्न, तालिका, चित्राकृति (डायग्राम), रेखाचित्र (ग्राफ) र आरेखको सूचनालाई अनुच्छेदमा रूपान्तरण गर्न तथा अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति, आलेख र आरेखमा रूपान्तरण गर्न, नेपाली वाक्यतत्त्वको स्वरूप पहिचान गरी वाक्य तत्वपरक रचना गर्न, पाठ वा पाठ्यांशको सङ्कथनको संरचना पहिल्याउन, नेपाली वाङ्मयका विविध क्षेत्रका पद्यांशहरू पढी तिनमा आधारित बोध प्रश्नहरूको उत्तर दिन, सम्बद्ध गद्यांशको बुँदा टिपोट र संक्षेपीकरण गर्न, पाठ वा पाठ्यांशका विषयवस्तुमा आधारित भई स्वतन्त्र अभिव्यक्ति प्रकट गर्न, निर्धारित ढाँचामा आधारित भई विविध व्यावहारिक लेखन र प्रतिवेदन तयार गर्न, विभिन्न विषयमा आत्मपरक तथा वस्तुपरक निबन्ध लेख्न, निर्धारित कविता, गीत, गजल, निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन तथा तिनको आस्वादन गर्न र प्रतिक्रिया दिन आदि साधारण उद्देश्यहरू राखिएका छन । प्रयुक्त साधारण उद्देश्यहरू सार्थक एवम् साधारण भाषिक सिपको विकासमा जोड दिने किसिमका नै देखिन्छन् ।

**पाठ्यांशका विशिष्ट उद्देश्यहरू:** उक्त पाठ्यक्रममा एकाइ अनुसारका विभिन्न विशिष्ट उद्देश्यहरूको निर्धारण गरिएको देखिन्छ । एकाइ एकमा शब्दहरूको अक्षरीकरण गर्न र नेपाली वर्ण विन्यास प्रयोग गर्न भन्ने उद्देश्य राखिएको छ । एकाइ दुईमा नेपालीका विभिन्न स्रोतका शब्दहरूको पहिचान गर्न, शब्दवर्ग छुट्याई शब्दहरूको बनोट देखाउन र शब्दार्थअनुसार शब्दहरूको प्रयोग गर्न भन्ने उद्देश्य देखिन्छ । एकाइ तीनमा वर्णनात्मक किसिमका स्वतन्त्र रचना निर्माण गर्न, निदेर्शित रचना तयार गर्न र वाक्य संश्लेषण गर्न, एकाइ चारमा तालिका, चित्राकृति (डायग्राम), रेखाचित्र (ग्राफ) र आरेखको सूचनालाई अनुच्छेदमा र अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति(डायग्राम), रेखाचित्र(ग्राफ) र आरेखमा रूपान्तरण गर्न र विभिन्न प्रकृतिका स्वतन्त्र तथा निर्देशित अनुच्छेद रचना गर्न, एकाइ पाँचमा शब्दहरूको व्याकरणिक र कोशीय संशक्ति पहिल्याउन तथा अन्तर्वाक्यात्मक अर्थान्विति पत्ता लगाउन, एकाइ छमा नेपाली वाङ्मयका विभिन्न क्षेत्रसँग सम्बद्ध दृष्टांश र अदृष्टांश पाठ, पाठांश तथा बोधात्मक प्रश्नहरूको अभ्यास गर्नलगायतका उद्देश्य राखिएको देखिन्छ । त्यसैगरी एकाइ सातमा विभिन्न अनुच्छेदबाट बुँदा टिपोट र संक्षेपीकरण गर्न, एकाइ आठमा विज्ञापन, सम्पादकलाई चिठी, शुभकामना, बधाई ज्ञापन, श्रद्धाञ्जली, समवेदना र व्यक्तिवृतका नमूना तयार गर्न, एकाइ नौमा विभिन्न विषयसँग सम्बद्ध आत्मपरक र वस्तुपरक निबन्ध सिर्जना गर्न, एकाइ दशमा घटना, समारोह, भ्रमण, निरीक्षण जस्ता विषयमा प्रतिवेदन तयार गर्न आदि उद्देश्य राखिएका छन् भने अन्तिम एकाइ एघारमा कविता, गीत, गजल, निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन गरी तिनको आश्वादन गर्नलगायतका १८ ओटा पाठगत विशिष्ट उद्देश्य राखिएका छन् ।

समग्रमा पाठ्यक्रममा निर्धारित साधारण उद्देश्यहरू सरल र सुबोध्य किसिमकै देखिन्छन् । ११ ओटाको सङ्ख्यामा रहेका यी उद्देश्यहरू विशिष्ट उद्देश्यको प्राप्तिमा निर्भर देखिन्छन् । त्यस्तै विशिष्ट उद्देश्यहरू पनि स्पष्ट एवम् व्यावहारिक नै देखिन्छन् । विद्यार्थीका सिकाइ आवश्यकतालाई समेट्न सक्ने उपर्युक्त उद्देश्यहरू स्नातक तहका विद्यार्थीका लागि धैरैहदसम्म सिकाइसापेक्ष नै मान्न सकिन्छ । भाषाका चार ओटै सिपलाई सन्तुलित ढङ्गबाट प्राप्ति गराउन उक्त पाठ्यांशका उद्देश्यहरू सवल देखिन खोजे पनि सुनाइ सिपको विकासमा पाठ्यक्रमका विशिष्ट उद्देश्य मौन प्रायः देखिन्छन्, जसलाई त्यति सन्तुलित मान्न सकिन्न । सिकारुको समालोचनात्मक क्षमता बाहिर ल्याउन, व्याकरणको साधारण ज्ञान र प्रयोगमा सवलता प्राप्त गर्न, व्यावहारिक लेखन र स्वतन्त्र अभिव्यक्ति क्षमतालाई बृद्धि गर्न र साहित्यिक आस्वादनका माध्यमबाट आफ्नो जीवनलाई आजभन्दा भोलि अझ व्यावहारिक बन्न प्रेरक देखिने विशिष्ट उद्देश्यहरू भने सार्थक नै मान्नु पर्दछ ।

प्रयुक्त सबै विशिष्ट उद्देश्यहरू मापनीय, दर्शनीय, छरिता र व्यावहारिक देखिए तापनि सबै साधारण उद्देश्यलाई स्पष्ट पार्न सकिएको छैन । जस्तै : निर्धारित कविता, गीत, गजल, निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन तथा तिनको आस्वादन गर्न र प्रतिक्रिया दिन भनी राखिएको साधारण उद्देश्यको सापेक्षतामा विशिष्टीकृत गर्न सकिएको छैन । यद्यपि केही कमजोरीका अलावा समग्रमा पाठ्यक्रमका उद्देश्य सान्दर्भिक, सकारात्मक र व्यावहारिक नै मान्न सकिन्छ ।

## *पाठ्यवस्तु र त्यसको वितरण*

पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्यहरूको परिपूर्तिका निमित्त पाठ्यवस्तुको चयन र स्तरण गरिन्छ । भाषाको पाठ्यक्रमले भाषिक सिपको अपेक्षा गरेको हुन्छ । विषयगत र विधागत विविधता भएका

सामग्रीहरूका माध्यमबाट विद्यार्थीको बोध र अभिव्यक्तिगत क्षमता विकसित हुन सक्ने हिसाबबाट पाठ्यवस्तुको निर्धारण गर्नुपर्छ (ढकाल, २०६५, पृ. ८५) । त्यसैगरी पाठ्यवस्तुको प्रस्तुति सँगसँगै तिनका भाषिक अपेक्षा, शिक्षणीय समयभार, महत्त्वगत अङ्कभार, तल्लो र माथिल्लो कक्षासँगको सापेक्षता आदि कुराहरूको विस्तृत विवरण दिइनु आवश्यक हुन्छ (पौडेल, २०६७, पृ. ८७) । यी र यस्ता महत्त्पूर्ण र अपरिहार्य पक्षलाई पाठ्यवस्तु र त्यसको वितरण खण्डले सम्बोधन गर्न सक्नु पर्दछ । यहाँ देहायका आधारमा स्नातक तहमा पछिल्लो पटक २०७६ सालमा आएको अनिवार्य नेपाली विषयको पाठ्यांशका पाठ्यवस्तु र तिनको वितरणलाई अध्ययन विश्लेषण गरिएको छः

**तालिका १**

*स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यवस्तु र तिनको वितरणको विवरण*

| एकाइ | क्षेत्र | पाठ्यवस्तु | अङ्क | पा.घ. |
|---|---|---|---|---|
| १. | अक्षरीकरण र वर्ण | क) शब्दहरूको अक्षरीकरण<br>ख) नेपाली वर्ण विन्यास | ६ | ९ |
| २. | नेपाली शब्द भण्डार | क) शब्दस्रोत र शब्दवर्ग<br>ख) शब्दबनोट<br>ग) शब्दार्थ र शब्दहरूको प्रयोग(विभिन्न क्षेत्रसँग सम्बन्धित सामान्य र विशिष्ट प्रकृतिका पारिभाषिक शब्दको प्रयोग र अभ्यास) | ६ | ९ |
| ३. | वाक्यतत्त्वपरक रचना | क) स्वतन्त्र रचना<br>लिङ्ग,वचन,पुरुष,आदर,काल,पक्ष,भाव,वाच्य,करण,अकरणका आधारमा वर्णन)<br>ख) निर्देशित रचना (वाक्यान्तरण)<br>ग) वाक्य संश्लेषण | ६ | ९ |
| ४. | सूचनाको रुपान्तरण र अनुच्छेद लेखन | क) तालिका, चित्राकृति (वृताकार र स्तम्भ), रेखाचित्र तथा आरेखका सूचनाको अनुच्छेदमा रुपान्तर र अनुच्छेदका सूचनाको तालिका, चित्राकृति (वृताकार र स्तम्भ), रेखाचित्र तथा आरेखमा रुपान्तर<br>ख) स्वतन्त्र तथा निर्देशित अनुच्छेद लेखन | ४ | १० |
| ५. | संकथन /पाठको संरचना | क) व्याकरणिक संशक्ति तथा कोशीय संशक्ति<br>ख) अन्तर्वाक्यात्मक अर्थान्विति | ४ | ९ |
| ६. | पठनबोध | नेपाली वाङ्मयका शिक्षा, अर्थ, व्यवस्था, भूगोल, ऊर्जा, वातावरण, जैविक विविधता, विज्ञान, प्रविधि, स्वास्थ्य, खेलकुद, समाज, संस्कृति, दर्शन, मनोविज्ञान, कानुन, कृषि, वन, जीवजन्तु र वनस्पति आदि क्षेत्रसँग सम्बन्धित सामान्य तथा विशिष्ट दृष्टांश र अदृष्टांश पाठ वा पाठ्यांशमा आधारित अनुमानात्मक, निष्कर्षात्मक, तथ्यात्मक, संरचनात्मक तथा समीक्षात्मक प्रकृतिका प्रतिक्रियामूलक तथा बहुवैकल्पिक बोधप्रश्नको अभ्यास | १० | २५ |
| ७. | बुँदा टिपोट र संक्षेपीकरण | क) विविध विषयसँग सम्बन्धित गद्यांशबाट मुख्य मुख्य बुँदा टिपोट<br>ख) नेपाली वाङ्मयका विविध विषयसँग सम्बन्धित गद्यांशका मुख्य कुरा नछुटाई संक्षेपीकरण | ४ | ९ |
| ८. | व्यावहारिक लेखन | क) विज्ञापन र सम्पादकलाई चिठी<br>ख) शुभकामना, बधाइ, श्रद्धाञ्जली/समवेदना<br>ग) व्यक्तिवृत लेखन | ४ | ९ |

| | | | | |
|---|---|---|---|---|
| ९. | निबन्ध लेखन | आत्मपरक र वस्तुपरक निबन्ध सिर्जना | ७ | १३ |
| १०. | प्रतिवेदन लेखन | घटना, समारोह, भ्रमण र निरीक्षणमा आधारित प्रतिवेदन तयार लेखन | ५ | १२ |
| ११. | साहित्यिक कृतिको आस्वादन/अध्ययन | क) कविता/गीत/गजल<br>● माधव घिमिरे : तिम्रो र हाम्रो मन एक होओस्<br>● भूपी शेरचन : मेरो चोक<br>● हरिभक्त कटुवाल : भोलिको नेपाल<br>● दुर्गालाल श्रेष्ठ : मनको दैलो<br>● अमर गिरी : चराका गीतहरू<br>● धीरेन्द्र प्रेमर्षि :आँसु लुकाई परेलीमा<br>ख) निबन्ध<br>● लक्ष्मीप्रसाद देवकोटा : के नेपाल सानो छ ?<br>● शङ्कर लामिछाने : गोधुली संसार<br>● भैरव अर्याल : टाउको<br>● शारदा शर्मा : सुखसत्ता<br>ग) कथा<br>● विश्वेश्वर प्रसाद कोइराला : एक रात<br>● राजेन्द्र विमल : लङ्का काण्ड<br>● पद्मावती सिंह : आरुको बोट<br>● ऋषिराज बराल : पछबरिया टोल<br>● महेश बिक्रम शाह :गाउँमा गीतहरू गुन्जिँदैनन्<br>घ) उपन्यास : सरुभक्त : चुली<br>ङ) नाटक : अ) विजय मल्ल : सत्ताको खोजमा<br>आ) कृष्ण शाह यात्री :पीडा आरोहण | ८+६= १४ | ३६ |

तालिका १ मा स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको पाठ्यवस्तुको वितरणलाई एकाइगत रुपमा राखिएको देखिन्छ । पहिलो एकाइमा अक्षरीकरण र वर्ण क्षेत्रसँग सम्बन्धित रहेर शब्दहरूको अक्षरीकरण र नेपाली वर्ण विन्यास राखिएको छ । एकाइ दुईमा नेपाली शब्दभण्डारअन्तर्गत शब्दस्रोत र शब्दवर्ग, शब्दबनोट, शब्दार्थ र शब्दहरूको प्रयोग राखिएको छ,जसमा बिभिन्न क्षेत्रसँग सम्बन्धित सामान्य र विशिष्ट प्रकृतिका पारिभाषिक शब्दका प्रयोग र अभ्यास आदिलाई स्थान दिइएको छ, जो सिकारुको बोध र अभिव्यक्ति क्षमतामा निखार ल्याउनमा केन्द्रित देखिन्छ । यसले विशेषतः पढाइ र लेखाइ सिपको विकास तथा शब्द पहिचान एवम् प्रयोगमा जोड दिएको देखिन्छ । एकाइ तीनमा वाक्यतत्त्वपरक रचनाको क्षेत्रअर्न्तगत स्वतन्त्र रचना राखिएको छ, जसमा लिङ्ग, बचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करण, अकरणका आधारमा गरिने वर्णनलाई राखिएको छ । यहाँ कक्षा ११ र १२ को अनिवार्य नेपालीसँग तल्लो र माथिल्लो कक्षाका वाक्यतत्वपरक रचनाको सामान्य पुनरावृत्ति भएको मान्न सकिन्छ । त्यसैगरी यसैमा निर्देशित रचना (वाक्यान्तरण) मात्र भनिएको छ, तर यसका विषय सन्दर्भलाई स्पष्ट रुपमा खुलाइएको छैन । अन्तिममा वाक्य संश्लेषण जस्ता विषयवस्तु समेत यसै एकाइमा राखिएको देखिन्छ, जसलाई वाक्यका

प्रकार भनेर सरल रुपमा खुलाएको भए स्पष्टता आउने थियो । समग्रमा यी ३ ओटै एकाइहरूले ६ अङ्कभार र ९ पाठ्यभार बोकेका छन् जसलाई विषय र क्षेत्रअनुसार अनुकूल नै मान्न सकिन्छ ।

एकाइ चारमा सूचनाको रुपान्तरण र अनुच्छेद लेखन विषय क्षेत्रअन्तर्गत तालिका, चित्राकृति (वृत्ताकार र स्तम्भ), रेखाचित्र तथा आरेखका सूचनाको अनुच्छेदमा रुपान्तर र अनुच्छेदका सूचनाको तालिका, चित्राकृति (वृत्ताकार र स्तम्भ), रेखाचित्र तथा आरेखमा रुपान्तर राखिएको छ । यसले सिकारुको उमेर र स्तरअनुसारको विश्लेषणात्मक चिन्तनमा बृद्धि गर्ने, लेखाइ र पढाइ सिपको विकास गराउने देखिन्छ । स्वतन्त्र तथा निर्देशित अनुच्छेद लेखनसमेत यसै क्षेत्रभित्र राखिएको छ । यहाँ विद्यार्थीको बोध र अभिव्यक्तिगत क्षमता विकसित हुनसक्ने भएकाले यो पाठ्यवस्तुको निर्धारण र स्तरण सान्दर्भिक मान्न सकिन्छ । यसमा राखिएको अङ्कभार र पाठ्यभार क्रमशः ४ र १० देखिन्छ । समय र विषयसन्दर्भअनुसार यसलाई उपयुक्त नै मान्न सकिन्छ ।

एकाइ पाँचमा संकथन/पाठको संरचनाभित्र व्याकरणिक संसक्ति तथा कोशीय संसक्ति र अन्तर्वाक्यात्मक अर्थान्वितिलाई राखिएको छ । यसको अङ्कभार ४ र पाठ्यभार ९ उपयुक्त नै देखिन्छ । सिकारुको शब्दकोशीय ज्ञान र बोध क्षमता अभिबृद्धि गर्ने हुनाले यसलाई सान्दर्भिक र व्यावहारिक मान्न सकिन्छ ।

एकाइ ६ मा राखिएको पठनबोध क्षेत्रअन्तर्गतको नेपाली वाङ्मयका शिक्षा, अर्थ व्यवस्था, भूगोल, ऊर्जा, वातावरण, जैविक विविधता, विज्ञान, प्रविधि, स्वास्थ्य, खेलकुद, समाज, संस्कृति, दर्शन, मनोविज्ञान, कानुन, कृषि, बन, जीवजन्तु र बृहस्पति आदि क्षेत्रसँग सम्बन्धित सामान्य तथा विशिष्ट दृष्टांश र अदृष्टांश पाठ वा पाठ्यांशमा आधारित अनुमानात्मक, निष्कर्षात्मक, तथ्यात्मक, संरचनात्मक तथा समीक्षात्मक प्रकृतिका प्रतिक्रियामूलक र बहुवैकल्पिक बोधप्रश्न राखिएको छ । यसको अभ्यासले भाषाका चारओटै सिपको सन्तुलित विकासमा जोड दिएको देखिन्छ । त्यस्तै एकाइ सातमा बुँदा टिपोट र संक्षेपीकरणअन्तर्गत विविध विषयसँग सम्बन्धित गद्यांशबाट मुख्य मुख्य बुँदा टिपोट तथा नेपाली वाङ्मयका विविध विषयसँग सम्बन्धित गद्यांशका मुख्य कुरा नछुटाई संक्षेपीकरण भनी निर्धारित विषयवस्तु राखिएको छ । सिकारुलाई विषयवस्तुको सार बुझ्केर आवश्यक सूचना लिन प्रेरित गरिएकाले यसलाई आवश्यक र सान्दर्भिक मान्न सकिन्छ । एकाइ आठभित्र व्यावहारिक लेखनलाई विषय क्षेत्र बनाई विज्ञापन र सम्पादकलाई चिठी, शुभकामना, बधाई, श्रद्धाञ्जली/ समवेदना, व्यक्तिवृत्त लेखनजस्ता पाठ्यवस्तु राखिएको छ । पाठ्यांशका विशिष्ट उद्देश्यअनुरुप नै देखिने र स्नातक तहका सिकारुको व्यावहारिक सिपको विकासमा सार्थक देखिएकाले यी विषयवस्तु पाठ्यक्रम अनुरूप नै देखिन्छन् ।

एकाइ नौमा निबन्ध लेखनअन्तर्गत आत्मपरक र वस्तुपरक निबन्ध सिर्जना शीर्षकको पाठ्यवस्तु राखिएको छ, जसले सिकारुको स्वतन्त्र भाषिक अभिव्यक्ति एवम् सिर्जनात्मक लेखन सिपको विकासमा प्रश्रय दिएको देखिन्छ । स्नातक तहका लागि यसलाई सान्दर्भिक पाठ्यांश मान्न सकिन्छ । एकाइ दशमा प्रतिवेदन लेखनअन्तर्गत घटना, समारोह, भ्रमण र निरीक्षणमा आधारित प्रतिवेदन लेखन पाठ्यवस्तु राखिएको छ । उच्च अध्ययनसँगै आवश्यक यस किसिमको सिपको विकासले सिकारुको लेखन सिपको विकासमा जोड दिएको देखिन्छ ।

अन्तिमको एकाइ एघारमा भने साहित्यिक कृतिको आस्वादन/अध्ययन भनी कविता/गीत/गजलहरूलाई पाठ्यवस्तुका रुपमा राखिएको छ । माधव घिमिरेको तिम्रो र हाम्रो मन एक होओस् , भूपी शेरचनको मेरो चोक, हरिभक्त कटुवालको भोलिको नेपाल, दुर्गालाल श्रेष्ठको मनको दैलो, अमर गिरीको चराका गीतहरू, धीरेन्द्र प्रेमर्षिको आँसु लुकाई परेलीमा आदि साहित्यिक रचना राखिएको देखिन्छ । यसमा निबन्ध विधा अन्तर्गत लक्ष्मीप्रसाद देवकोटाको के नेपाल सानो छ ?, शङ्कर लामिछानेको गोधुली संसार, भैरव अर्यालको टाउको, शारदा शर्माको सुखसत्ता आदि राखिएको छ । कथा विधाअन्तर्गत विश्वेश्वर प्रसाद कोइरालाको एक रात, राजेन्द्र विमलको लङ्का काण्ड, पद्मावती सिंहको आरुको बोट, ऋषिराज बरालको पछबरिया टोल, महेश बिक्रम शाहको गाउँमा गीतहरू गुन्जिँदैनन् आदि राएिको छ । त्यसैगरी उपन्यास विधाअन्तर्गत सरुभक्तको चुली तथा एकाङ्की/नाटक विधाअन्तर्गत विजय मल्लको सत्ताको खोजमा र कृष्ण शाह यात्रीको पीडा आरोहणलाई राखिएको छ । प्रयुक्त निबन्ध, कथा, उपन्यास तथा नाटकसमेतमा समसामयिक सामाजिक ,राजनैतिक, शैक्षिक, पर्यावरणीय एवम् मनोवैज्ञानिक विषयवस्तुलाई स्थान दिइएको देखिन्छ । यद्यपि यसमा वैज्ञानिक आविष्कार र प्रविधिसँगै पछिल्लो समय आएका नवपरिवर्तन, सामाजिक सञ्जाल लगायतका पाठ्यवस्तु समेटिने साहित्यिक रचनाको अभाव भने महसुस हुन्छ । यद्यपि साहित्यको आस्वादनमार्फत भाषिक क्षमताको बिस्तारमा पाठ्यांशभित्रको समग्र चयनलाई सार्थक नै मान्न सकिन्छ ।

केही कमीकमजोरीका अलावा समग्रमा यस पाठ्यांशमा विद्यार्थीको स्तर र पाठ्यक्रमको उद्देश्यअनुकूलकै पाठ्यवस्तुको छनोट र वितरण भएको मान्न सकिन्छ ।

### ***शिक्षण प्रक्रिया***

शिक्षण विधि, प्रविधि, सामग्री र कार्याकलापको समष्टि रुप नै शिक्षण प्रक्रिया हो । शिक्षण प्रक्रियाको प्रभावकारिताका आधारमा पाठ्यक्रमको सफलता र असफलता निर्धारण हुन्छ किनभने शिक्षण प्रक्रिया भाषापाठ्यक्रमको प्राणका रुपमा रहेको हुन्छ (पौडेल, २०७३, पृ. ५७) । जुनसुकै तहको शिक्षण सिकाइ प्रक्रिया सिकाइको मनोवैज्ञानिक भावानुकूलको हुनैपर्छ । यो सिकारुको वैयक्तिक भिन्नता पहिचान गरी निर्धारित समयमा शिक्षण कार्य सम्पन्न गर्दै उपलब्धि स्तरसम्म पुऱ्याउन मद्दत पुग्ने किसिमको हुनुपर्छ ।

स्नातक तह दोस्रो वर्षमा आएको अनिवार्य नेपाली पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य प्राप्तिका लागि निर्धारित पाठ्यविषयलाई मूलत कक्षागत र प्रयोगात्मक गरी दुई खण्डमा छुट्याई अभ्यास गराइने उल्लेख छ । जसअन्तर्गत ७० पूर्णाङ्कको शिक्षण कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, गृहकार्य आदिद्वारा परिपूर्ति गरिने उल्लेख छ भने सम्बन्धित शिक्षकको निर्देशनमा विद्यार्थी आफैँले ३० पूर्णाङ्कको प्रयोगात्मक अध्ययन पुरा गर्नुपर्ने बिलकुल नयाँ शिक्षण विधि राखिएको देखिन्छ । तुलनात्मक रूपमा साविकको पाठ्यक्रमका पाठ्यांशका तुलनामा यो आफैँमा व्यावहारिक र सान्दर्भिक मान्न सकिन्छ । यसरी शिक्षण विधिका सवालमा सकारात्मक देखिँदा देखिँदै पनि प्रस्तुत पाठ्यांशमा खोट लाउन सकिने ठाउँ भने देखिन्छ । यसमा पाठको प्रकृति अनुकूलका शिक्षण प्रक्रिया चाहिँ किटान गर्न नसकिएकाले उक्त कार्य गर्न सके शिक्षण सिकाइ अझ स्पष्ट,रोचक, सिकारुमैत्री, सरल, स्तरीय एवम् सार्थक बनाउन सकिने देखिन्छ ।

***मूल्याङ्कन प्रक्रिया***

कुनै पनि कार्य लक्ष्यअनुसार पुरा भए वा भएनन् भनेर मापन गर्ने, जाँच्ने वा लेखाजोखा गर्ने प्रक्रिया सङ्ख्यात्मक तथा गुणात्मक रूपमा हुन सक्छन्, यसैलाई मूल्याङ्कन भनिन्छ । मूल्याङ्कनले गुण निर्धारण गर्ने तथा मूल्यलाई अङ्कन गर्ने, कुनै पनि कार्यक्रमको प्रभावकारिता पत्ता लगाउने कुरालाई बुझाउँछ । मूल्याङ्कनबाट विद्यार्थीको सिकाइ उपलब्धि र शैक्षिक कार्यक्रममा भएका गल्ती र कमीकमजोरीहरू पत्ता लगाइन्छ (ज.ब.रा, २०७४, पृ. १६८) । अतः पढाइ सकेपछि वा शिक्षणपश्चात् उद्देश्य प्राप्ति भए नभएको लेखाजोखा गर्ने काम मूल्याङ्कनअन्तर्गत गरिन्छ ।

यस आधारमा हेर्दा हालको स्नातक तहको नयाँ अनिवार्य नेपाली पाठ्यांशले मूल्याङ्कन पद्धतिमा ७० पूर्णाङ्कको वार्षिक वा बाह्य परीक्षा लिइने उल्लेख छ । वाह्य परीक्षाका लागि विशिष्टीकरण तालिका( ग्रिड)मा दिएअनुसार विभिन्न एकाइगत सन्तुलन हुने गरी ७० पूर्णाङ्कका विभिन्न प्रश्नहरू सोधिने उल्लेख छ । त्यस्तै शैक्षिक वर्षावधिमा सम्बन्धित कक्षा शिक्षकद्वारा पाठ्यक्रममा आधारित भई ३० पूर्णाङ्कको आन्तरिक परीक्षा लिइने छ, भनिएको छ । प्रयोगात्मक कार्य गराई त्यसलाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विलकुल नयाँ प्रयोगका रुपमा देखिएको छ । यसले विद्यार्थीमा उत्प्रेरणा, जागरुकता, कक्षा नियमितता आदिको वृद्धि हुने तथा उच्चतहका विद्यार्थीको नेपाली भाषिक सिपको स्तरसमेत थप उक्सिन सक्ने सम्भावना देखिन्छ ।

यस पाठ्यांशमा आन्तरिक वा प्रयोगात्मक ३० अङ्कको परीक्षाको अङ्क विभाजन र क्रियाकलापका गराउँदा उपस्थितिमा ५ अङ्क राखिएको छ, जसमध्ये ८० प्रतिशत उपस्थिति अनिवार्य हुने र सोमा ३ अङ्क प्रदान गरिने उल्लेख छ । त्यस्तै ८० देखि ९० प्रतिशतसम्म उपस्थितिका लागि ४ अङ्क तथा ९१ प्रतिशतभन्दा माथि उपस्थितिका लागि ५ अङ्क राखिएको छ । कक्षा सहभागिता र प्रस्तुतिमा ५ अङ्क जसका लागि पठन पाठनका क्रममा कक्षागत छलफल, प्रश्नोत्तर, जिज्ञासा, शिक्षकले दिएको कक्षाकार्य, प्रश्नको कक्षागत उत्तरको प्रस्तुति आदिलाई सम्बन्धित शिक्षकले मूल्याङ्कन गरी अङ्क प्रदान गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी आन्तरिक परीक्षाबापत १० अङ्कको मूल्याङ्कन गरिने र सोका लागि सम्बन्धित शिक्षकले आन्तरिक सुधारका रुपमा १०० पूर्णाङ्कको प्रश्नपत्र तयारगरी आन्तरिक परीक्षा लिएर प्राप्ताङ्कलाई १० अङ्कमा परिणत गर्ने व्यवस्था उल्लेख भएको देखिन्छ । अन्त्यमा परियोजना कार्य शीर्षकमा १० अङ्क विभाजित गरिएको देखिन्छ, जसमा परियोजना कार्यका लागि सम्बन्धित शिक्षकले शैक्षिकसत्र सुरु भएपछि कक्षाका सम्पूर्ण विद्यार्थीलाई विशिष्ट उद्देश्य प्राप्तिका निम्ति तोकिएका पाठ्यविषयसँग सम्बन्धित भई उपयुक्त शीर्षक बनाएर परियोजना कार्य तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाइनेछ । शिक्षकले परियोजना कार्यका लागि ६० पूर्णाङ्क र प्रस्तुतिका लागि ४० पूर्णाङ्क राखी मूल्याङ्कन गरेर प्राप्ताङ्कलाई १० प्रतिशतमा परिणत गर्नेछ, भनी पाठ्यक्रममा नै स्पष्ट व्यवस्था गरिएको देखिन्छ । त्यसपछि सम्बन्धित शिक्षकले विद्यार्थीको प्रयोगात्मक कार्यमा प्राप्त गरेको सम्पूर्ण अङ्क योग गरी तयार गरेको अभिलेख सम्बन्धित क्याम्पसको परीक्षा शाखामा उपलब्ध गराउनु पर्ने उल्लेख छ ।

यसरी पछिल्लो पाठ्यक्रममा शिक्षणसँगै गरिने मूल्याङ्कन वा निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवस्थासमेत थप भएको देखिन्छ । जसलाई उच्च शिक्षामा भएको एउटा सकारात्मक सुधार मान्न

सकिन्छ । थप सुधारयोग्य पक्षचाहिँ सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको सन्तुलित विकास गर्ने अझ थप एवम् स्पष्ट मूल्याङ्कन पद्धतिको विकास गर्न सके उक्त पाठ्यक्रम सन्तुलित, सार्थक, सान्दर्भिक एवम् व्यावहारिक बन्ने देखिन्छ ।

## *पाठ्यपुस्तक र सन्दर्भ पुस्तक*

पाठ्यपुस्तक पाठ्यांशको विस्तृतीकरण हो । पाठ्यांशले शिक्षण सिकाइ गरिनुपर्ने विषयवस्तुको रूपरेखा मात्र प्रस्तुत गर्दछ भने विषयवस्तुको विस्तृतीकरण पाठ्यपुस्तकमा प्रस्तुत गरिएको हुन्छ । यो शिक्षक र विद्यार्थी दुबैका लागि एक सन्दर्भ सामग्रीका रूपमा रहेको हुन्छ । यसको अध्ययन अध्यापनद्वारा पाठ्यक्रमका लक्ष्यहरू प्राप्त हुन्छन् । पाठ्यपुस्तकको अभावमा पाठ्यक्रमको कार्यान्वयनले पूर्णता प्राप्त गर्न सक्दैन (ज.ब.रा., २०७४, पृ. १५) अर्थात् पाठ्यक्रमले राखेका समग्र उद्देश्यलाई पुरा गराउन सहयोगी सामग्रीभित्र पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक पर्दछन् जो अति आवश्यक मानिन्छन् ।

स्नातक तहको हालको अनिवार्य नेपाली पाठ्यांशको आवश्यकता परिपूर्तिका लागि पाठ्यांश/ पाठ्यक्रममा दुई वटा आधिकारिक पाठ्यपुस्तक प्रस्तावित गरिएको छ । जसमा अनिवार्य नेपाली स्थायी समिति, त्रि.वि.पाविकेद्वारा तयार पारिएका नेपाली साहित्यिक रचना (परिवर्तित संस्करण, २०७६), साझा प्रकाशन, काठमाडौँ र अनिवार्य नेपाली व्याकरण, बोध र रचना, साझा प्रकाशन,काठमाडौँ आदि देखिन्छन् । पाठ्यांशका सहायक सामग्रीको परिपूर्णतार्थ टङ्क न्यौपानेको मानक नेपाली व्याकरण र कार्यमूलक लेखन, श्याम ब्रदर्स, विराटनगर तथा मोहनराज शर्माको शब्द रचना र वर्ण विन्यास, नवीन प्रकाशन, काठ्माडौँद्धारा प्रकाशित भएका छन् । त्यसैगरी लालानाथ सुवेदीको नेपाली बोध र रचनाकौशल, हिमालय बुक्स स्टल, काठ्माडौँ र हेमाङ्गराज अधिकारीको प्रयोगात्मक नेपाली व्याकरण, साझा प्रकाशन, काठमाडौँलगायत चार ओटाको सङ्ख्यामा उक्त पाठ्यक्रमका लागि पाठ्यक्रमद्वारा सहायक पुस्तकहरू निर्दिष्ट गरिएको देखिन्छ तर यति सीमित पाठ्यपुस्तक र सहायक सामग्रीले पाठ्यक्रमका त्यति धेरै उद्देश्यको परिपूर्णता हुन्छ भन्न सकिन्न । समयसापेक्ष, स्तरअनुकूल र पाठ्यांशअनुरुप अन्य केही सङ्ख्यामा विभिन्न समसामयिक पुस्तक, लेख, अनुसन्धानमूलक सन्दर्भ सामग्रीलाई पनि पाठ्यांशमा आवश्यकतानुसार आधार बनाउन सकिने देखिन्छ । सामग्री छनोटमा प्रविधिमैत्री हुँदै भर्चुअल लर्निङसँग जोडिन सोहीअनुरूपका इन्टरनेट सञ्जालमा उपलब्ध गुणस्तरीय सामग्री छनौट र स्तरण गर्दै जाने हो भने पाठ्यक्रमका अपेक्षा सजिलै पुरा हुनसक्ने देखिन्छ । यसरी पाठ्यपुस्तक एवम् सहायक सामग्रीहरू थप गर्दा पाठ्यांशका मूलभूत आवश्यकता र पाठ्यक्रमको उद्देश्यलाई भने बिर्सन नहुने देखिन्छ ।

## **स्नातक तहको अनिवार्य नेपालीको पुरानो पाठ्यांशसँग वर्तमान पाठ्यांशका पाठ्यवस्तुको समीक्षा**

त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तहमा २०६९ सालमा यो पाठ्यक्रम आएको देखिन्छ । स्नातक तहका लागि अनिवार्य नेपाली पाठ्यांशका रुपमा आएको पुरानो पाठ्यांशमा १२ ओटा पाठगत एकाइहरू राखिएका हाल आएको नयाँ पाठ्यक्रममा ११ ओटा एकाइमा पाठ्यवस्तुको छनोट र स्तरण गरिएको देखिन्छ । नयाँ पाठ्यांशमा एकाइगत अङ्कभार र पाठ्यघण्टी भने परिमार्जन गरिएको देखिन्छ । यसमा केही एकाइहरू साटफेर गरी पाठ्यवस्तुको परिष्कृत स्तरण भएको पाइन्छ ।

एकाइगत रूपमा हेर्दा एकाइ एक, दुई र तीनमा भएका पाठ्यविषयमा कुनै परिवर्तन नपाइए पनि नयाँ पाठ्यांशमा एकाइगत अङ्कभार र पाठ्यघण्टी भने परिमार्जन भएको देखिन्छ । साविकको पाठ्यांशको एकाइ एकमा ५ अङ्क र ७ पाठ्यघण्टी, एकाइ दुईमा १० अङ्क र १५ पाठ्यघण्टी तथा एकाइ ३ मा १० अङ्क र १५ पाठ्यघण्टी भएकामा हालको पाठ्यांशले क्रमशः एकाइ एकमा ६ अङ्क र ९ पाठ्यघण्टी, एकाइ दुईमा ६ अङ्क र ९ पाठ्यघण्टी तथा एकाइ ३ मा समेत ६ अङ्क र ९ पाठ्यघण्टी नै कायम गरेको देखिन्छ । विषयगत आयाम, समय एवम् पाठ्गत छनोटका आधारमा पछिल्लो स्तरण सान्दिर्भिक नै देखिन्छ ।

साविकको पाठ्यांशको एकाइ चारमा सङ्कथन र पाठको संरचना शीर्षकको पाठ्यवस्तु रहेकामा यसलाई नयाँ पाठ्यांशअन्तर्गत एकाइ पाँचमा लगेर अन्तर्वाक्यात्मक अर्थान्विति नामक पाठ्यवस्तु थपोट गरिएको देखिन्छ । पुरानो पाठ्यांशको एकाइ पाँचमा पठनबोध रहेको र सोको पाठगत अङ्क १५ र पाठ्यघण्टी २२ रहेकामा नयाँ पाठ्यांशमा यसलाई एकाइ ६ मा व्यवस्थित गरी १० अङ्कभार र २५ पाठ्यभार कायम गरिएको छ । सोको पाठ्यवस्तुमा भने कुनै परिमार्जन गरिएको देखिन्न ।

पुरानो पाठ्यांशको एकाइ छमा सन्दर्भपरक सूचनाको रुपान्तरण र सोको अङ्कभार ५ र पाठ्यघण्टी ८ रहेकोमा नयाँ पाठ्यांशमा सो पाठ्यवस्तुलाई एकाइ चारमा लगेर सूचनाको रूपान्तरण र अनुच्छेद लेखन बनाइएको छ जसमा स्वतन्त्र तथा निर्देशित अनुच्छेद लेखनसमेत पाठ्यवस्तुका रूपमा थपोट गरिएको देखिन्छ, जुन पुरानो पाठ्यांशको एकाइ आठमा रहेको पाठ्यवस्तुलाई यसै एकाइमा मिलान गरिएको देखिन्छ । सोको अङ्कभार ४ र पाठ्यभार १० निर्धारण गरिएको छ, जुन अङ्कभार मिलान अलि कम भएको महसुस भने हुन आउँछ । त्यस्तै एकाइ सातलाई भने नयाँ र पुरानो दुबै पाठ्यांशमा बुँदाटिपोट र संक्षेपीकरण पाठ्यांश राखिएको छ, जसको पाठ्गत विस्तृतीकरण नयाँ पाठ्यांशले खुलाएर पाठ्यअङ्क ४ र पाठ्यघण्टी ९ कायम गरेको छ । एकाइ नौको व्यावहारिक लेखनलाई नयाँ पाठ्यांशको एकाइ ८ मा व्यवस्थित गरिएको देखिन्छ । पुरानोको पाठ्यांशमा सोको अङ्कभार ५ र पाठ्यघण्टी ७ भएकामा नयाँ पाठ्यांशमा त्यसलाई परिवर्तन गरी क्रमशः ४ र ९ राखिएको तर पाठ्यवस्तु जस्ताको त्यस्तै राखिएको देखिन्छ । साविकको पाठ्यांशअन्तर्गत एकाइ १० मा रहेको निबन्ध लेखनलाई नयाँ पाठ्यांशमा एकाइ नौमा राखिएको छ । पाठ्यवस्तुमा कुनै परिवर्तन नगरी समय र सन्दर्भअनुसार यसको पाठ्यअङ्क र पाठ्यघण्टी क्रमशः ८ र १२ भएकामा नयाँ पाठ्यांशमा ७ र १३ बनाइएको देखिन्छ । एकाइ एघारको प्रतिवेदन लेखनलाई नयाँ पाठ्यांशमा एकाइ १० मा राखिएको छ, जसमा पुरानो पाठ्यवस्तुको पाठ्यअङ्क ७ र पाठ्यघण्टी ११ रहेकामा सो परिवर्तन गरी क्रमशः ५ र १२ निर्धारण गरिएको देखिन्छ ।

एकाइ बाह्रको साहित्यिक कृतिको अध्ययन शीर्षकको पाठ्यवस्तुलाई नयाँ पाठ्यांशको एकाइ एघारमा व्यवस्थित गरी राखिएको छ । साहित्यिक कृतिको आस्वादन र अध्ययन शीर्षक राखी साविकको पाठ्यवस्तुमा निहित पाठ्यअङ्क २० र पाठ्यघण्टी ३० लाई समेत परिमार्जन गरी क्रमशः १४ र ३६ बनाइएको देखिन्छ । यसमा रहेका साहित्यिक कृतिमा भने कुनै पनि परिवर्तन गरिएको देखिन्न । समग्रमा नयाँ पाठ्यांशमा गरिएको पाठगत समायोजन, अङ्कभार र पाठ्यघण्टीको उचित मिलान, पाठ्यवस्तुको छनोट, आवश्यक स्तरण तथा परिमार्जन समयसापेक्ष, विद्यार्थीको स्तर, मनोविज्ञान र पाठ्यक्रमको उद्देश्यअनुरूप नै मान्न सकिन्छ ।

यसअघिको पाठ्यक्रमले पुरातन शैलीमा १०० पूर्णाङ्कमा सैद्धान्तिक पक्षमा मात्र शिक्षण सहजीकरण गर्ने तय गरिएको देखिन्छ । कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूहकार्य, गृहकार्य, परियोजना कार्यद्वारा अभ्यास गराइने छ भन्ने फगत शिक्षण विधिमात्र उल्लेख गरी सोको विस्तृतीकरणका सवालमा साविकको पाठ्यक्रम मौन देखिन्छ भने हालको पाठ्यक्रममा भने यसलाई आवश्यक परिमार्जन गरिएको छ । निर्धारित पाठ्यक्रमलाई कक्षागत र प्रयोगात्मक दुई खण्डमा छुट्याई अभ्यास गराइने स्पष्ट उल्लेख गरिएको छ । ७० पूर्णाङ्कको शिक्षण कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, गृहकार्य आदिद्वारा परिपूर्ति गरिने र सम्बन्धित शिक्षकको निर्देशनमा विद्यार्थी आफैँले ३० पूर्णाङ्कको प्रयोगात्मक अध्ययन पुरा गर्नुपर्ने बिलकुल नयाँ शिक्षण विधिको अभ्यास थालनी भएको छ । तुलनात्मक रूपमा साविकको पाठ्यक्रमका पाठ्यांशका तुलनामा यो आफैँमा व्यावहारिक र सान्दर्भिक मान्न सकिन्छ ।

साविकको पाठ्यक्रममा मूल्याङ्कन प्रक्रियासमेत १०० पूर्णाङ्कको पूर्णतः सैद्धान्तिक पद्धतिमा मात्र आधारित देखिन्छ । यसमा उत्तीर्णाङ्क ३५, प्रतिहप्ता पाठघण्टी ६ र जम्मा वार्षिक पाठ घण्टी १५० निर्धारण भएको देखिन्छन् भने हालको नयाँ पाठ्यांशमा ७० पूर्णाङ्कको सैद्धान्तिक र ३० पूर्णाङ्कको प्रयोगात्मक गरेर १०० पूर्णाङ्कको नवीनतम मूल्याङ्कन पद्धतिको व्यवस्था गरिएको देखिन्छ । पुरानो पाठ्यक्रममा विशिष्टीकरण तालिकामा दिएअनुसार विभिन्न एकाइगत सन्तुलन हुने गरी १०० पूर्णाङ्कका विभिन्न प्रश्नहरू सोधिने छन्" (गौतम र अन्य, २०७८, परिशिष्ट, पृ. ३१७) भनी उल्लेख भएको छ । यसमा भाषापाठ्यक्रमको मर्मअनुरुप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई समुचित ढङ्गबाट मूल्याङ्कन गरिनुपर्नेमा त्यसको स्पष्ट व्यवस्था देखिँदैन । हालको पाठ्यक्रममा भने शिक्षणसँगै गरिने मूल्याङ्कन वा निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवस्थासमेत थप भएको देखिन्छ । त्यस्तै हालको पाठ्यक्रमले साविकको अनिवार्य नेपाली पाठ्यक्रम, २०६९ ले प्रस्ताव एवम् सिफारिस गरेकै पाठ्यपुस्तक तथा पाठ्यसहायक सामग्री कै परिमार्जित एवम् नयाँ संस्करणलाई प्रस्ताव एवम् सिफारिस गरेको देखिन्छ ।

## कक्षा ११ र १२ को अनिवार्य नेपाली पाठ्यांशसँग स्नातक तहको अनिवार्य नेपाली पाठ्यांशको तुलनात्मक विश्लेषण

कक्षा ११ र १२ का लागि २०७६ सालमा आएको अनिवार्य नेपाली पाठ्यांश अनिवार्य विषयको पाठ्यक्रम अन्तर्गत पर्दछ । प्रस्तुत पाठ्यक्रमको प्रमुख उद्देश्य विद्यार्थीमा भाषिक सक्षमता अभिवृद्धि गराउनु हो । कक्षा ९-१० पुरा गरेका विद्यार्थीको स्तरलाई ध्यान दिई विद्यालय तहको समाप्तिपछि अन्य क्षेत्रमा लाग्ने तथा उच्च शिक्षामा प्रवेश गर्नेहरूको  आधारभूमिका रूपमा नेपाली भाषामा सक्षम बनाउने अभिप्रायले यो पाठ्यक्रम तयार पारिएको हो । माध्यमिक तह (कक्षा ११-१२) पूरा गर्दा विद्यार्थीहरूले नेपाली विषयमा प्राप्त गर्ने तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिलाई यस पाठ्यक्रममा समावेश गरिएको छ । पाठ्यक्रममा विद्यार्थीमा बोध एवम् अभिव्यक्तिगत क्षमताको विकासका लागि उपयुक्त विधा र क्षेत्र निर्देश गरिएको छ । यसमा प्रयोजनपरक भाषिक सिप विकास र कार्यमूलक व्याकरणमा विशेष ध्यान दिइएको छ । तदनुरूपका सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन विधि पनि समेटिएका छन् ।

माध्यमिक शिक्षा कक्षा ११ र १२ अन्तर्गत अनिवार्य नेपाली विषयको भाषापाठ्यक्रममा क्रमशः ३/३ पाठ्यघण्टी र ९६/९६ वार्षिक कार्यघण्टी तोकिएको छ ।  माध्यमिक तहका यी दुबै कक्षाका लागि

एकीकृत पाठ्यक्रम समायोजन गरी पाठ्यक्रम आएको देखिन्छ, जसमा विषयवस्तुको क्षेत्र र क्रम भने प्रष्ट छुट्याइएको छ । भाषिक सक्षमताको अभिवृद्धि गराउने मूल उद्देश्य बोकेको यो पाठ्यक्रम उच्च शिक्षा वा स्नातक तहमा प्रवेश गर्नेका लागि आधारभूमि बन्न आएको देखिन्छ । अर्थात माथिल्लो कक्षासँग राम्रो स्तरण गर्न खोजिएको देखिन्छ । यसमा ११ वटा तहगत सक्षमता र सोका आधारमा भाषाका ४ ओटै सिपगत सक्षमता समेट्ने गरी छुट्टा छुट्टै कक्षागत सिकाइ उपलब्धि किटान गरिएको छ । पाठ्यक्रममा पाठ्यवस्तु मिलानका क्रममा गद्य र पद्य दुबै किसिमका कविता, कथा, आत्मपरक र बस्तुपरक निबन्ध, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जीवनी, लघुनाटक, संवाद, प्रवन्ध, उपन्यास, वक्तृत्वकला, दैनिकी आदि विधाका रचना राखिएको छ । कक्षा ११ र १२ को अनिवार्य नेपालका पठनबोधका विषयवस्तु र अभ्यासलाई स्नातक तहमा समेत स्तरीय ढङ्गले स्तरण र विस्तृतीकरण गरिएको देखिन्छ । तर यहाँ राखिएको बिलकुल नयाँ साहित्यिक विधा रिपोर्ताजमूलक रचनालाई भने स्नातक तहको पाठ्यांशमा स्तरण गर्न सकिएको देखिन्न । यस विधाको माथिल्लो तहसँगको स्तरण भने स्नातक तहको नेपाली पाठ्यांशमा अत्यावश्यक देखिन्छ ।

भाषाका लेख्य र कथ्य वर्णको पहिचान, प्रयोग, शब्द व्युत्पादन, लेख्य चिह्नको प्रयोग, वर्णविन्यास, पदयोग र पदवियोग, उपसर्ग, प्रत्ययलगायत व्याकरणात्मक कोटिदेखि शब्दकोशीय प्रयोगसम्मका व्याकरण खण्डलाई पाठ्यांशमा राखिएको देखिन्छ, जुन स्नातक तहमा समेत तहगत रूपमा राखिएको छ । कविता, कथा, निबन्ध, जीवनी, रूपक र प्रयोजनपरक आदि पाठ र विधाहरूका लागि सिकाइ सहजीकरण प्रक्रिया समेत छुट्टाछुट्टै रूपमा स्पष्ट व्यवस्था गरिएको देखिन्छ । स्नातक तहमा भने त्यो विधागत स्पष्टता देखिन्न । त्यस्तै कक्षा ११ र १२ को मूल्याङ्कन समेत आन्तरिक र बाह्य गरी दुई किसिमबाट गरिने, जसमा ७५ प्रतिशत बाह्य (पढाइ र लेखाइ भाषिक सिपको मात्र परीक्षण) र २५ प्रतिशत आन्तरिक (कक्षा कार्य, सहभागिता, परियोजना कार्य, विषयवस्तुको मूल्याङ्कन तथा आन्तरिक परीक्षाको सिकाइ उपलब्धिका आधारमा) मूल्याङ्कन गरिने स्पष्ट उल्लेख छ । स्नातक तहमा यसलाई ७० र ३० प्रतिशत बनाइएको छ । यो पाठ्यक्रममा पाठ्यपुस्तक र पाठ्यसामग्री तथा सन्दर्भसामग्रीका बारेमा भने स्पष्ट पारिएको देखिन्न तर स्नातक तहमा यसको स्पष्ट किटान गरिएको देखिन्छ । केही कमजोरीका अलावा समग्रमा पाठ्यांशको तल्लो तहसँगको सहसम्बन्ध र पाठ्यांशको स्तरण प्रक्रिया सार्थक नै मान्न सकिन्छ ।

## सुझाव

प्रस्तुत अध्ययनबाट सरोकारवाला वर्गमा निम्न बुँदामा अत्यावश्यक एवम् सकारात्मक सुझावहरू प्रस्तुत गरिएको छः

- सुनाइ सिपको विकासमा पाठ्यक्रमका विशिष्ट उद्देश्य मौन प्रायः देखिएकाले भाषाका चार ओटै सिपको सन्तुलन कायम गरी स्तर अनुसारका भाषिक क्षमता सुधारमा जोड दिन आवश्यक रहेको,
- पाठ्यक्रमले पाठको प्रकृति र पाठ्यांश अनुकूलका शिक्षण प्रक्रिया किटान गर्न नसकेकाले थप स्पष्ट शिक्षण प्रक्रिया किटान गर्न सके पाठ्यक्रम अझ स्तरीय एवम् सार्थक बन्ने,

- कक्षा ११ र १२ मा राखिएको नयाँ साहित्यिक विधा रिपोर्ताजमूलक रचनालाई यो पाठ्यांशमा स्तरण गर्न नसकिएकाले यसलाई समावेश गर्दा तल्लो कक्षासँगको उचित तालमेलले पाठ्यांशमा अझ सार्थकता आउने,
- वाक्य संश्लेषण जस्ता महत्त्वपूर्ण पाठ्यवस्तु पाठ्यांशमा राखिएकोमा त्यसलाई वाक्यका प्रकार भनेर सरल रुपमा खुलाएको भए स्पष्टता आउने,
- आगामी दिनमा तल्लो कक्षासँगको स्तरणमा रिपोर्ताजमूलकजस्ता खोजमूलक साहित्यिक विधा र पाठ्यवस्तु थप गर्नुपर्ने,
- विज्ञान र प्रविधिसँगै पछिल्लो समय भित्रिएका सामाजिक सञ्जाल, इन्टरनेट तथा युट्युबको सदुपयोगबाट हुने भाषिक क्षमता अभिबृद्धि र सोबाट पाठ्यवस्तुका साहित्यिक रचनाको अभाव पूर्ति गरिनुपर्ने,
- नयाँ पाठ्यांशमा प्रयोगात्मक कार्यद्धारा ३० प्रतिशत मूल्याङ्कन गरिने कार्यलाई बढाएर ५० प्रतिशतमा लैजान सकिने र विद्यालयीय अभ्यासको निरन्तर विद्यार्थी मूल्याङ्कनलाई समेत पाठ्यक्रमा क्रमशः जोड्दा भाषा सिकाइ थप लचिलो र वैज्ञानिक बन्न सक्ने,
- सीमित पाठ्यपुस्तक र सहायक सामग्रीले पाठ्यक्रमका त्यति धेरै उद्देश्य पुरा नहुने र समयसापेक्ष, स्तरअनुकूल र पाठ्यांशअनुरुप अन्य केही सङ्ख्यामा विभिन्न समसामयिक पुस्तक, लेख, अनुसन्धानमूलक सन्दर्भ सामग्रीलाई पनि पाठ्यांशमा आवश्यकतानुसार आधार बनाउन सकिने,
- सामग्री छनोटमा प्रविधिमैत्री हुँदै भर्चुअल लर्निङ्सँग जोडिन सोहीअनुरुपका इन्टरनेट सञ्जालमा उपलब्ध गुणस्तरीय सामग्री छनोट स्तरण गर्दै जाने,
- पाठ्यपुस्तक एवम् सहायक सामग्रीहरू थप गर्दा पाठ्यांशका मूलभूत आवश्यकता, समसामयिक माग तथा पाठ्यक्रमको उद्देश्यलाई आधार बनाउन सकिने ।

## निष्कर्ष

हालको स्नातक तह द्वितीय वर्षअन्तर्गत अनिवार्य नेपाली विषयको पाठ्यांशको अध्ययन विश्लेषणमार्फत पाठ्यांशका सवल र सुधारयोग्य पक्षलाई प्रकाश पार्ने उद्देश्यमा केन्द्रित यस अध्ययनलाई मूलतः तुलनात्मक, विवरणात्मक एवम् विश्लेषणात्मक पद्धतिबाट प्राथमिक तथा द्वितीयक स्रोतका पाठ्यसामग्री सङ्कलन गरी भाषापाठ्यक्रम विश्लेषणका आधारमा अध्ययन सुसम्पन्न गरिएको छ । समग्र अध्ययनबाट पाठ्यांश शीर्षक उचित र सान्दर्भिक रहेको देखिएको छ । पाठ्यांश परिचय सरल भाषामा सटिक, सुस्पष्ट र सान्दर्भिक रहेको मान्न सकिन्छ । पाठ्यांशमा ११ वटा साधारण र १८ वटा विशिष्ट उद्देश्य देखिन्छन्, जसमा साधारण उद्देश्यका आधारमा विशिष्ट उद्देश्य निर्माण भएका छन् । भाषाका चार ओटै सिपलाई सन्तुलित ढङ्गबाट प्राप्ति गराउन उक्त पाठ्यांशका उद्देश्यहरू सवल देखिन खोजेपनि सुनाइ सिपको विकासमा पाठ्यक्रमका विशिष्ट उद्देश्य मौन प्रायः देखिन्छन् । पाठ्यांशका विशिष्ट उद्देश्यहरू मापनीय, दर्शनीय, छरिता र व्यावहारिक देखिए तापनि सबै साधारण उद्देश्यलाई स्पष्ट बनाउन सकिएको छैन् जसलाई सन्तुलित मान्न सकिन्न ।

यस भाषा पाठ्यांशमा आवश्यक मात्रामा व्याकरणलाई समेटिएको देखिन्छ । कक्षा ११ र १२ को खोजमूलक विधा रिपोर्ताजमूलक रचनालाई स्नातक तहको पाठ्यांशमा नसमेटिएकाले त्यसलाई समेट्नु आवश्यक देखिन्छ । पाठ्यक्रममा ७० पूर्णाङ्कको शिक्षण कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, गृहकार्य आदिद्वारा गराइने उल्लेख भए पनि सम्बन्धित शिक्षकको निर्देशनमा विद्यार्थी आफैँले ३० पूर्णाङ्कको अध्ययन पुरा गर्दा त्यहाँको स्वअध्ययनको दायरा स्पष्ट किटान भएको देखिँदैन । पुरानो पाठ्यांशका तुलनामा मूल्याङ्कन प्रणालीमा भने उल्लेख्य सुधार आएको देखिन्छ । सुधारिएको पाठ्यक्रमका रूपमा हाल बिलकुल नयाँ प्रयोग गर्दै ३० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा र बाँकी ७० पूर्णाङ्कको बाह्य परीक्षाको सुरुवात गरेर मूल्याङ्कन प्रणालीलाई थप समयसापेक्ष बनाउन खोजिएको देखिन्छ । पाठ्यक्रमले प्रस्ताव गरेका पाठ्यपुस्तक र सहायक पाठ्यसामग्री थप गर्नुपर्ने देखिन्छ । विज्ञान र प्रविधिको विकाससँगै जोडिएका अनलाइन सिकाइ (भर्चुअल लर्निङ) सामग्री : गुगल, फेसबुक, टुइटर, इन्स्टा आदिलाई आवश्यकता र पाठ्यक्रमको अपेक्षाबमोजिम प्रयोगमा ल्याउन सके पाठ्यक्रमलाई अझ बढी रुचिपूर्ण, प्रभावकारी, सान्दर्भिक एवम् व्यावहारिक बनाउन सकिने देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल, (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश* (दोस्रो संस्क.), काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि.।

खनिया, बुद्धराज र अधिकारी, रामकुमार, (२०७८), *अनिवार्य नेपाली* (दोस्रो संस्क.), काठमाडौँ : जुपिटर प्रिन्टिङ् एण्ड पब्लिसिङ् हाउस प्रा.लि.।

गौतम, देवीप्रसाद र अन्य, (२०७८), *स्नातक नेपाली* (चौथो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ज.ब.रा., स्वयंप्रकाश, (२०७७), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि.।

ढकाल, शान्तिप्रसाद, (२०६५), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति* (दोस्रो संस्क.), काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद, (२०६२), *भाषा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

नेपाल प्रज्ञा-प्रतिष्ठान, (२०७५), *नेपाली बृहत् शब्दकोश (दशौँ संस्क.),* काठमाडौँ : प्रज्ञा छापाखाना ।

पाठ्यक्रम विकास केन्द्र, (२०७६), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६* (नेपाली, कक्षा ११-१२), सानोठिमी, भक्तपुर : लेखक ।

पोखरेल, केशवराज, (२०७४), *भाषाविज्ञान र नेपाली भाषा,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि.।

पौडेल, नेत्रप्रसाद, (२०७३), *नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणपद्धति,* काठमाडौँ : पैरवी प्रकासन ।

पौडेल, माधवप्रसाद, (२०६७), *भाषा पाठ्यक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (सं.), (२०७३), *भाषिक अनुसन्धान विधि* (दोस्रो संस्क.) काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भट्राई, होमनाथ र जि.सी., कृष्णबहादुर, (२०७५), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : जुपिटर प्रिन्टिङ् एण्ड पब्लिसिङ् हाउस प्रा.लि.।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद, (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, विष्णुप्रसाद, (सन् २०१३ नोभेम्बर), स्नातक प्रथम वर्ष अनिवार्य नेपाली विषयको पाठ्यांश विश्लेषण, *जनप्रिय जर्नल अफ ईन्टरडिसिप्लिनरी स्टडिज,* २(१) ।